मार्च २४, २००९

**संयुक्त राष्ट्र अमेरिकी विकास नियोग (USAID) ले शान्ति स्थापना र अभिवृद्धिका लागि युवा सहभागितामा प्रोत्सहन**

संयुक्त राष्ट्रिय अमेरिकी विकास नियोग (USAID) को 'शान्ति र मेलमिलापका लागि युवा' (Youth Initiatives for Peace and Reconciliation) परियोजनाका विभिन्न कार्यक्रमद्वारा मध्य तथा सूदूर पश्चिमका दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाहरुका ३२,००० भन्दा बढी युवाहरु लाभान्वित भएका छन् ।

समुदाय स्तरमा संलग्न भएर यस परियोजनाले युवाहरुलाई आफ्नो समुदायमा सृजनात्मक भूमिका निभाउनका लागि सहयोग पुऱ्याएको छ । उक्त कार्यक्रमद्वारा युवाहरु विभिन्न समुदाय बीच शान्ति र मेलमिलापको क्रियाकलापहरु अगाडि बढाउन सक्षम र सशक्त भएको अनुभव गर्दछन् । यस परियोजनाद्वारा गाँउमा युवा क्लब गठन गर्न सहयोग गर्नुका साथै युवाहरुलाई वृक्षारोपण, खानेपानी, सामुदायिक भवन, सडक सुधार, जस्ता स्थानिय स्तरका सामुदायिक सेवा आयोजना (Community Service Projects) कार्यक्रमहरु यस परियोजनाद्वारा सन्चालन गरियो । यसका साथै युवाहरुलाई विवाद समाधान लगायत द्वन्द्व व्यवस्थापन, नेतृत्व विकास, सामाजिक परिचालन सम्बन्धि तालिम प्रदान तथा विभिन्न क्षेत्र र जातिय समूहका युवाहरु बीच अन्तर्क्रिया र सहकार्यको अवसर प्रदान हुने किसिमका कार्यक्रमहरु पनि सन्चालन गरियो । यस कार्यक्रम अर्न्तगत ४,७०० युवाहरुले तालिम प्राप्त गरे । यस परियोजनाका लागि NIKE Foundation द्वारा खेलकुद सामाग्री सहयोगको रुपमा प्रदान गरिएको थियो ।

USAID नेपालका मिशन निर्देशक, बेथ एस पेजले नेपालमा USAID ले सन् २००६ देखि १६ देखि ३० वर्ष उमेरका युवालाई शान्ति र मेलमिलाप कार्यक्रममा संलग्न गराउने उद्धेश्यले यस्ता कार्यक्रम संचालन गरेको हो भन्नुभयो । "शान्ति र मेलमिलापका लागि युवा" परियोजना अन्तर्गत युवा समूहद्वारा द्वन्द्वको विकल्पमा सृजनात्मक कार्यक्रमहरु जस्तै सिप विकास तथा आत्मविश्वास सुदृढ गर्ने कार्यक्रमहरु आयोजना गरियो । नेपालमा १२ वर्षको द्वन्द्वले युवाहरुमा धेरै नकारात्मक असर परेकाले यस किसिमका कार्यक्रमहरु अत्यन्त आवश्यक ठानिएको छ । धेरै जसो सामुदायिक आयोजनाहरुमा (Community Service Projects) युवाहरुको योगदान यस परियोजनाको योगदान भन्दा धेरै पाइयो । यसरी समुदायको संलग्नता र श्रोत जुटाउन सक्नुनै युवाहरुको दिगो क्षमताको प्रमाण हो । नेपालका युवाहरुमा दृढ आत्मविश्वास र छ भन्ने कुरा प्रति USAID नेपाल वृहत विश्वास र आशा छ ।

यस कार्यक्रमका सहभागी कृष्ण कुसुम्यले 'हाम्रो गाउँमा भएका दुई समुदाय - थारु र ब्राहमण/क्षेत्री सधैं एक आपसमा झगडा गर्ने गर्दथे । जब हामीले युवा क्लब गठन गरी अरु जातिय समूहका युवाहरुलाई आमन्त्रण गऱ्यौं, शुरुमा त कोही सहभागी हुन मान्नु भएन तर हामीले निरन्तर रुपमा निमन्त्रणा गऱ्यौं त्यस पश्चात क्रमश, एकदुई जना गर्दै धेरै युवाका सहभागिता देखियो । हामीले सामुदायिक आयोजना (Community Service Projects) अन्तर्गत बाटो ग्राभेल र सुधार कार्यक्रमको योजना बनायौं । यस कार्यक्रमले दुई समुदायको सम्बन्ध सुदृढ बनाउनमा धेरै सहयोग गऱ्यो । हामी बाटोमा भेट्दा एक अर्कासंग बोल्छौं, एक अर्काको समुदाय बीच अन्तर्क्रिया पनि गऱ्छौं जसले गर्दा हामी बीच समन्वय बढेको छ ।'

यस दुई वर्षे ६००,००० **डलरको** आयोजना USAID को आर्थिक तथा प्राविधिक सहयोगमा Mercy Corps र BASE (Backward Society Education) द्वारा सञ्चालन गरिएको थियो ।